अनुसूची २

(दफा ४ तथा अनसूची-१ को भाग-२ सँग सम्बन्धित)

रुन्टीगढीगाउँपालिका

# स्थानीय राजपत्र

खण्ड:१ संख्याः १ मितिः२०८१/०९/२९

भाग-१

रुन्टीगढीगाउँपालिका

## मेला, महोत्सव तथा प्रर्दशनी सञ्चालन तथा व्यवस्थापन कार्यविधि २०८१

गाउँकार्यपालिकाबाट स्वीकृत मिति : २०८१/०९/२२

पृष्ठभूमि : रुन्टीगढी गाउँपालिका भित्र विभिन्न उद्देश्यका साथ संचालन हुने व्यापारिक, धार्मिक, सांस्कृतिक, पर्यटन , शैक्षिक, कृषि , खेलकुद आदि प्रवर्द्धनका लागि गरिने विभिन्न मेला, महोत्सव र प्रदर्शनीलाई व्यवस्थित गराउदै मेला महोत्सवका उदेश्यलाई मुर्तरुप दिने कार्यमा सहयोग पुर्याइदर्शक तथा स्रोता मैत्री बनाउन मेला , महोत्सव तथा प्रदर्शनी लाई संचालन, व्यवस्थापन तथा नियमन गर्न वाञ्छनीय भएकाले,स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ उपदफा ७ को अधिनमा रही मिति २०८१/०९/२२गतेको गाउँ कार्यपालिकाको बैठकबाट स्वीकृत गरी यो कार्यविधि लागु गरिएको छ ।

परिच्छेद १

**प्रारम्भिक**

**१. संक्षिप्त नाम र प्रारम्भ**

क) यो कार्यविधिको नाम मेला महोत्सव तथा प्रदर्शनी व्यवस्थापन कार्यविधि, २०८१ रहेको छ ।

ख) यो कार्यविधि रुन्टीगढी गाउँपालिका गाउँ कार्यपालिकाको बैठकबाट स्वीकृत भई राजपत्रमा प्रकाशित भएको मितिबाट प्रारम्भ हुनेछ ।

**२.परिभाषा**

क) गाउँपालिका भन्नाले रुन्टीगढी गाउँपालिकालाइ जनाउने छ ।

ख) कार्यपालिका भन्नाले रुन्टीगढी गाउँपालिकाको गाउँ कार्यपालिकालाई जनाउने छ ।

ग) मेला महोत्सव भन्नाले रुन्टीगढी गाउँपालिका भित्रका कुनै पनि सार्वजनिक स्थलमा एक दिन भन्दा बढी अवधि सम्म गरिने व्यापारिक, धार्मिक, सांस्कृतिक, साहित्यिक, पर्यटकीय, औद्योगिक, शैक्षिक , कृषि, खेलकुदतथा प्रदर्शनी लगाएतका क्षेत्रका प्रबर्द्धनका लागि गरिने विभिन्न कार्यक्रमलाई जनाउने छ ।

घ) मुल आयोजक भन्नाले मेला,महोत्सवतथा प्रदर्शनी संचालन गर्न गाउँपालिलकाबाट अनुमति प्राप्त संस्था वा कार्यालयलाई जनाउने छ ।

ङ) विषयगत संस्था वा कार्यालय भन्नाले धार्मिक, सांस्कृतिक,कला, साहित्यिक, पर्यटकीय , औद्योगिक, शैक्षिक, कृषि, खेलकुद आदी क्षेत्रमा काम गर्ने उदेश्य बोकेको संस्था वा कार्यालयलाई जनाउने छ ।

च) समिति भन्नाले परिच्छेद २ को दफा ३ बमोजिम गठित मेला महोत्सव सञ्चालन अनुमति तथा नियमन समितिलाई जनाउने छ ।

परिच्छेद २

**मेला, महोत्सव प्रदर्शनी सञ्चालन अनुमति तथा नियमन समिति**

**३. मेला, महोत्सव तथा प्रदर्शनी सञ्चालन अनुमति तथा नियमन समितिको गठनः**

क) मेला, महोत्सव प्रदर्शनी सञ्चालन अनुमति तथा नियमन गर्न देहाय बमोजिमको समिति गठन गरिनेछ ।

अध्यक्षः गाउँपालिका अध्यक्ष

उपाध्यक्षः गाउँपालिका उपाध्यक्ष

सदस्यः  प्रमुख प्रशासकीय अधिकृत

सदस्यः आर्थिक विकास समितिका संयोजक

सदस्यः रुन्टीगढी उद्योग वाणिज्य संघ अध्यक्ष

सदस्यः प्रतिनिधि इलाका प्रहरी कार्यालय

सदस्यः मेला महोत्सव संचालन हुने वडाको वडा अध्यक्ष वा प्रतिनिधि

सदस्यः अध्यक्षले तोकेको कला,संस्कृति,साहित्य, खेलकुद वा मेला महोत्सव संग सम्वन्धित संस्थाको प्रतिनिधि वा व्यक्ति

सदस्य सचिव प्रमुख प्रशासकीय अधिकृतले तोकेको गाउँपालिकाको कार्यालयको अधिकृतस्तरको कर्मचारी

ख) मेला महोत्सव तथा प्रदर्शनीको प्रकृति अनुसार सो सम्वन्धि विज्ञ वा विषयगत निकायका प्रमुखलाई समितिको वैठकमा अध्यक्षले आमन्त्रीत सदस्यका रुपमा आमन्त्रन गर्न सकिनेछ ।

**४. मेला, महोत्सव तथा प्रदर्शनी सञ्चालन अनुमति तथा नियमन समितिको काम कर्तव्य र अधिकारः**
मेला महोत्सव तथा प्रदर्शनी सञ्चालन अनुमति तथा नियमन समितिको काम कर्तव्य र अधिकार देहाय बमोजिमका हुनेछन् ।

क) मेला, महोत्सवतथा प्रदर्शनी सञ्चालन गर्न अनुमति प्रदान गर्ने ।

ख) सम्झौताका शर्त बमोजिम मेला महोत्सव व्यवस्थापन भए /नभएकोअनुगमन र शर्त बमोजिम नभएमा शर्त पालनन गर्न लगाउने ।

ग) मेला, महोत्सवको प्रदर्शनी उद्देश्य अनुसारको कार्य गरे नगरेको अनुगमन गर्ने र मुल आयोजकलाई उद्देश्य बमोजिम कार्य गर्न लगाउने ।

घ) आवश्यक्ता अनुसार मेला महोत्सवका लागि पेश भएको प्रस्तावलाई मूल्याङ्कन गर्न मूल्याङ्कन तथा अनुगमन टोली गठन गर्ने वा कर्मचारी खटाई व्यवस्थापन एवं अनुगमन कार्य गराउने ।

## परिच्छेद ३

## मेला,महोत्सव तथा प्रदर्शनी संचालन अनुमति प्रदान विधिः

५.क) मेला, महोत्सव प्रदर्शनी संचालन गर्न गाउँपालिकाको अनुमति लिनु पर्नेछ ।

ख) रुन्टीगढी गाउँपालिकाकोमेला, महोत्सव संचालन तथा व्यवस्थापन कार्यविधि, २०८१ मा मेला, महोत्सव संचालन तथा व्यवस्थापनको अनुमति लिने प्रक्रियालाई सरल र सहज बनाउन बाञ्छनिय देखिएकाले,

रुन्टीगढी गाउँपालिकाको मेला महोत्सव तथा प्रदर्शनी संचालन तथा व्यवस्थापन कार्यविधि, २०८१ को परिच्छेद ३ दफा ५ को उपदफा (ख) मा, दफा ५ को उपदफा (क) बमोजिम अनुमति लिन प्रत्येक आर्थिक बर्षमा पालिका भित्र मेला, महोत्सव तथा प्रदर्शनी संचालन गर्न चाहने संघसंस्था वा कार्यालयले गाउँपालिकाको कार्यालयमा भाद्र मसान्त भित्र कार्यविधिको अनुसूची-१ मा उल्लेख भए अनुसारको विवरण खुलाई निम्न कागजात सहित निवेदन पेश गर्नु पर्नेछ भन्ने वाक्यांशमा भाद्र मसान्त भन्ने शब्द हटाउने।

अ) संस्था दर्ताको प्रमाण पत्र ।

आ) मेला, महोत्सवतथा प्रदर्शनी सञ्चालन तथा व्यवस्थापन गर्ने उद्देश्य प्रष्ट उल्लेख भएको विधानको प्रतिलिपि ।

इ) मेला, महोत्सव तथा प्रदर्शनी संचालन हुने स्थानको स्वामित्व रहेको संस्था, निकाय वा व्यक्तीको लिखित सहमति ।

ई) पछिल्लो आर्थिक बर्षमा संस्थाले कर चुक्तागरेको प्रमाण पत्रको प्रतिलिपि

उ) गाउँपालिकामा कर बुझाएको प्रमाण पत्रको प्रतिलिपि।

६. क) प्रस्तावक संस्थाहरुवाट पेश भएका प्रस्तावहरुलाई परिच्छेद २ को दफा ३ बमोजिमको मेला सञ्चालन अनुमति तथा नियमन समितिद्वारा गठित मूल्याङ्कन समितिले तोकिएको मापदण्डका आधारमा मूल्याङ्कन गरी समितिमा पेश गर्नेछ ।

ख) मूल्याङ्कन समितिको सिफारिसका आधारमा मेला सञ्चालन अनुमति तथा नियमन समितिले कम्तीमा ३ आ.व.सम्म एउटा संस्था मूल आयोजकमा नदोहोरीने गरि तोके बमोजिमको शर्त राखी मेला महोत्सव सञ्चालनको अनुमति दिनेछ ।

७. प्रत्येक आर्थिक वर्षमा एक क्षेत्रगत विषयमा एक भन्दा बढी मेला महोत्सव संचालन गर्न गाउँपालिकाले अनुमति दिने छैन तर संघिय सरकार, प्रदेश सरकार तथा स्थानीय तहकोवार्षिक कार्यक्रम अनुसार गरिने सरकारी मूल आयोजक हुनेमा यो नियम लागु हुने छैन ।

८. रुन्टीगढी गाउँपालिकाको मेला महोत्सव तथा प्रदर्शनी संचालन तथा व्यवस्थापन कार्यविधि, २०८१ को परिच्छेद ३ दफा ८ मा भाद्र मसान्त अगावै कुनै मेला, महोत्सव लगाउनु पर्ने भएमा मेला महोत्सव संचालनका लागि प्रस्तावित दिन भन्दा ३५ दिन अगावै गाउँपालिकामा प्रस्ताव पेश गर्नु पर्नेछ भन्ने वाक्यांशको

सट्टा मेला, महोत्सव तथा प्रदर्शनी संचालन गर्न चाहने संघसंस्था वा कार्यालयले मेला, महोत्सब संचालन गर्नु भन्दा १५ दिन अगावै दफा ५ को उपदफा (ख) मा उल्लेख भए अनुसारका आवश्यक कागजात सहित गाउँपालिकाको कार्यालयमा निवेदन पेश गर्नु पर्नेछ भन्ने वाक्यांश थप्ने।

९. चालु आ.व. मा यो कार्यविधि लागु भएपछि १५ दिनको समय दिइ एक पटकका लागि प्रस्ताव पेश गर्न अवसर दिइनेछ।

**१०. व्यवसाय कर तथा मनोरञ्जन करः**

क) मेला,महोत्सव तथा प्रदर्शनी रहने व्यवसायिक स्टल व्यवसायको किसिम बमोजिम अनुसूचि २ मा उल्लेख भए अनुसारको मेला अवधि भरको व्यवसाय कर वा मनोरञ्जन कर स्टल बुकिङ संगै मूल आयोजक मार्फत गाउँपालिकालाई बझाउनु पर्नेछ ।

ख) गैह्र व्यवसायिक सन्देशमूलक स्टलहरुको हकमा गाउँपालिकले छुट दिन सक्नेछ ।

## परिच्छेद ४

११. मूल आयोजकले पालन गर्नुपर्ने शर्तहरुः मूल आयोजकले पालन गर्नुपर्ने शर्तहरु देहाय बमोजिम हुनेछन् ।

क) दर्शक तथा सम्पत्ति विमा अनिवार्य गराउनु पर्नेछ ।

ख) खानेपानी तथा फोहर मैला व्यवस्थापन र शौचालयको प्रवन्ध गरेको हुनुपर्नेछ।

ग) मेला महोत्सवको तयारी पुर्व १० दिनको अवधि र समाप्ती पश्चात ७ दिन भित्र सम्पुर्ण मेला सामाग्री व्यवस्थापन गरिसक्नु पर्नेछ ।

घ) प्राथमिक उपचारको प्रवन्ध गराउनु पर्नेछ ।

ङ) ध्वनी प्रदुषणलाइ न्यूनिकरणका उपाय अवलम्वन गर्नुपर्नेछ ।

च) जुवा, तास मदिरा लगायत कानून बमोजिम निषेध गरिएका कुनै पनि कार्य गर्न गराउन पाइने छैन।

छ) राष्ट्रियता, स्थानीय सामाजिक सद्भाव र धर्म, जाति एवं सँस्कृतिमा आँच आउने कुनै पनि क्रियाकलाप गर्न गराउन पाइने छैन ।

ज) अनुमति बिना काम गर्न नहुनेः मेला महोत्सव अनुमति तथा नियमन समिति द्वारा स्वीकृत प्रस्ताव बाहेकका अन्य कार्य गर्न गराउन पाइने छैन कुनै कारणवस प्रस्तावमा उल्लेख भए बाहेक फरक काम गर्नु पर्ने अवस्थामा पुनः स्विकृती लिनु पर्नेछ ।

**१२. स्टल बुकिङमा स्थानीय आरक्षण व्यवस्थाः**

क) मेला महोत्सवमा राखिने स्टलमा स्थानीयलाई प्राथमिकता दिन निम्नानुसारको कोटा बमोजिम स्टलहरु वितरण गर्नु पर्नेछ ।

अ) सूचना तथा सन्देशमूलक प्रदर्शनीका लागि

आ) स्थानीय उत्पादनका लागि

इ) स्थानीय व्यवसायीका लागि

ई) नयाँ प्रविधि प्रदर्शन एवं विक्रिका लागि

ख) स्टलहरु मध्ये दफा १२ क) अ) र आ) मा उल्लिखित स्टलमा न्युनतम ३० प्रतिशत र अन्यका लागि न्यूनतम १० प्रतिशत भाडामा छुट दिने गरी बुकिङ गर्ने व्यवस्था मिलाउनु पर्नेछ ।

१३. मेला, महोत्सवतथा प्रदर्शनी लाई व्यापारिक स्थलका रुपमा मात्र नहेरी स्थानीय उत्पादन प्रवर्द्धन तथा आधुनिक प्रविधि भित्राउन स्थानीय परिवेश सुहाउँदो अन्तरक्रियात्मक कार्यक्रमहरु गर्नुपर्नेछ ।

१४. आम्दानी खर्च सार्वजनिक गर्नुपर्नेः मेला महोत्सव सम्पन्न भएको एक महिना भित्र महोत्सवमा भएको आम्दानी खर्च विवरण अनिवार्य गाउँपालिकमा बुझाउनुका साथै पत्रकार सम्मेलन गरी आम्दी खर्च विवरण सार्वजनिक गर्नु पर्नेछ ।

१५. मेला, महोत्सव प्रदर्शनी व्यवस्थापन समिति वा तोकिएको कर्मचारीले महोत्सवका हरेक गतिविधिको अनुगमन गर्न सक्नेछ ।अनुगमनका क्रममा सम्झौता बमोजिम आयोजकले पालना गर्नु पर्ने शर्त बमोजिमको काम नगरेमा वा कुनै कमि कमजोरी देखिएमा सो को सुधारका लागि अनुगमन टोलीले दिएको सुझाव अनिवार्य पालना गर्नुपर्नेछ ।

## <u>परिच्छेद ५</u>

## विविध

१६ मुल आयोजक बन्न सक्ने आवेदकहरुः देहायका संघ संस्थाले मूल आयोजक बन्न आवेदन दिन सक्नेछन् ।

क) कृषि, सांस्कृतिक, पर्यटन, उद्योग र व्यापार मेलाका लागिः विषयगत व्यवसायीहरुको छाता संगठनहरु तथा सम्वन्धित अन्य संघ संस्थाहरु

ख) धार्मिक महोत्सवका लागिः धार्मिक तथा सामाजिक संघ संस्थाहरु ।

ग) शैक्षिक, सांस्कृतिक, खेलकुद तथा अन्य विषयगत मेला महोत्सवका लागिः विषयगत संघ संस्था तथा प्रवर्द्धकहरु ।

१७.गाउँपालिका संग गरिएको शर्त पुरा नगर्नेलाई ५ वर्ष सम्म मेला महोत्सव संचालन गर्न गाउँपालिकाले रोक लगाउने छ ।मेला महोत्सवको रकम दुरपयोग गर्ने गाउँपालिकाले तोके बमोजिमको जरिवाना गरिनेछ ।

**१८. टिकट दर निर्धारणः**

क) मेला महोत्सव स्थलमा प्रवेश गरेवापत प्रवेश शुल्क (टिकट) लिने व्यवस्था भएमा मूल आयोजकले प्रस्तावमा जेष्ठ नागरिक, अपाङ्ग र विद्यार्थीका लागि सहुलिएत सहित प्रवेश शुल्क दर प्रस्ताव गर्नेछ । आयोजक बाट पेश भएको शुल्क दरलाई मेलामा हुने गतिविधिका आधारमा समितिले तोके बमोजिम हुनेछ ।

ख) मेला महोत्सवमा राखिने विभिन्न मनोरञ्जन तथा खेलकुद कार्यक्रममा लाग्ने प्रवेश शुल्कको अधिकतम दर निम्नानुसार समय सिमाका आधारमा हुनेछ ।

अ. ५ मिनेट समय सम्म मनोरञ्जन हुनेमा अधिकतम रु.३०।–

आ. १५ मिनेट समय सम्म मनोरञ्जन हुनेमा अधिकतम रु. ४०।–

इ) ३० मिनेट समय सम्म मनोरञ्जन हुनेमा अधिकतम रु. ६०।–

ई) ३० मिनेट भन्दा बढी समय सम्म मनोरञ्जन हुनेमा अधिकतम रु. १००।–

ग) प्रवेश शुल्क दर र मनोरञ्जन स्टल प्रवेश दर मेला,महोत्सवव्यवस्थापन समितिल समय सापेक्ष परिवर्तन गर्न सक्नेछ ।

**घ) मेला महोत्सवको अवधिः**

अ) धार्मिक र खेलकुद मेला महोत्सव बाहेक अन्य प्रकृतिका व्यवसायिक स्टलहरु राखी गरिने मेला महोत्वको अनुमति अधिकतम १० दिन सम्मको हुनेछ । तर मेलामा दर्शकको चाप तथा आयोजकले मेला अवधि थप गर्नु पर्ने उपयुक्त कारण सहित सुरक्षा निकायको सहमति सहित निवेदन दिएमा समितिले म्याद थपको कारण मनासिव देखेमा तीन दिन सम्म म्याद थपको अनुमति दिन सक्नेछ ।

आ) धार्मिक मेला महोत्सवका हकमा विहान ५:०० बजे दखि साँझ ९:३० बजे सम्म र अन्य व्यवसायिक स्टल तथा मनोरञ्जनात्मक एवं सांगितिक कार्यक्रम हुने मेलाको हकमा विहान ११:०० देखि साँझ ६:०० बजे सम्म हिउँदमा र अन्य समयमा साँझ ७:३० बजे सम्म मेला महोत्सव सञ्चालन गर्न पाइनेछ ।

१९. धार्मिक , खेलकुद र व्यवसायिक स्टल नराखी गरिने मेला महोत्सवको अवधिका हकमा प्रस्तावकले पेश गरेको प्रस्तावका आधारमा सो को औचित्यता हेरी व्यवस्थापन समितिले तोके बमोजिम हुनेछ ।

२०. प्रचलित कानुन बमोजिम हुनेः यस कार्यविधिमा उल्लेख भएका प्रावधानहरु यसै कार्यविधि बमोजिम र यसमा उल्लेख नभएको हकमा प्रचलित कानुन बमोजिम हुनेछ ।

२१. बाधा अड्काउ फुकाउः यस कार्यविधि कार्यान्वयनमा कुनै बाधा अड्चन आएमा गाउँपालिका गाउँ कार्यपालिकको बैठको निर्णय बमोजिम हुनेछ ।

२२. संशोधन र खारेजीः यो कार्यविधिको संशोधन वा कुनै दफा खारेजी गर्नु परेमा गाउँपालिका गाउँ कार्यपालिकालाई पुर्ण अधिकार हुनेछ ।

## अनुसूचि १

**आवेदक संस्थाले प्रस्तावमा खुलाउनु पर्ने न्युनतम विषयहरु**

१. आवेदक संस्थाको परिचयः ( नाम, दर्ता, उद्देश्य, पुर्व अनुभव, हाल सम्म गरिएका उल्लेख्य काम)

२. मेला,महोत्सवतथा प्रदर्शनीको विषयः ( मेला महोत्सव तथा प्रदर्शनीको नाम, स्थान, समय, अवधि, उद्देश्य, पुरा गर्ने रणनिति, मेला महोत्सवमा गरिने गतिविधिको विवरण ।

३. मेला महोत्सवको आर्थिक पक्षः मेला महोत्सव संचालन गर्न आवश्यक रकम, उपलब्धताको स्रोत, कार्यक्रम पश्चात लाभ हुने नहुने, हुने भएमा सो रकम र बचत रकमको उपयोग क्षेत्र, टिकट दर, टिकटम विशेष छुट नीति ।

४. मेला महोत्सवको व्यवस्थापन पक्षः स्टल, शौचालय, खानेपानी, प्रथामिक उपचार आदी

५. मेला महोत्सवको आकर्षणका विषयहरु के के हुने ?

६. मेला महोत्सव पछि देखिने उपलब्धी ।

## अनुसूचि २

१. मेला महोत्सव भित्र व्यवसाय गर्ने व्यवसायीहरुको पटके व्यवसाय तथा मनोरञ्जन कर ( मेला अवधिभर)

क) व्यवसायिक फर्महरुको स्टलमा प्रति स्टल सम्वन्धित क्षेत्रका लागि तोकिएको व्यवसायको करको दरलाई आधारमानी सो को २५ प्रतिशत

ख) लुम्वीनी प्रदेश सरकारको आर्थिक एनमा उल्लेख भए अनुसारको दरमा प्रति स्टलको मनोरञ्जन कर ।

आज्ञाले,
धनि प्रसादखड्का
प्रमुखप्रशासकीयअधिकृत